Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: १५० | वि.सं. २०८३ | भदौ | २७ | शनिवार | नेपाल संवत्: ११४५, | भाद्र शुक्ल प्रतिपदा | Saturday | 12 | September | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णाली राजमार्गले कुहाउँदैछ जुम्लाको स्याउ

**कृषि विकास कार्यालय जुम्लाको तथ्यांकअनुसार पछिल्ला वर्षमा जुम्लामा स्याउ खेती हुने जमिनसँगै उत्पादन पनि बढ्दै गएको छ । किसानमा स्याउ खेतीसम्बन्धी प्राविधिक ज्ञान बढ्दै जाँदा जुम्ला स्याउ उत्पादनको हब बन्ने सम्भावना पनि बढेको छ । तर, उत्पादन बढ्दै गए पनि त्यसलाई सुरक्षित रुपमा बजारसम्म पुऱ्याउने पूर्वाधारको कर्णाली राजमार्गको अवस्था भने दयनिय छ ।**

**◣ओम शाही**
**सुर्खेत, २६ भदौ ।**

जुम्लामा स्याउ उत्पादन बढ्दै गएको छ। किसानले खेती विस्तार गरिरहेका छन् । बारीमै पुगेर व्यापारीले स्याउ खरिद गर्न थालेका छन् । तर, बजारसम्म पुऱ्याउने सडकको अवस्था भने निकै दयनिय छ। कर्णाली राजमार्गमा वर्षायाममा खस्ने पहिरो र जीर्ण सडकका कारण स्याउ बोकेका गाडी बाटोमै लामो समय होल्ड भइरहेका छन् । यसले ढुवानीकै क्रममा स्याउ बिग्रिने र किसान तथा व्यवसायी दुवैलाई घाटा हुने गरेको छ। सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-६ स्थित बुलबुले हाटबजारमा रहेको बिन्दु फलफूल मण्डीका सञ्चालक बखतबहादुर शाहीले यस वर्षको भदौ लागेयता साना-ठूला गरी १० भन्दा बढी मालवाहक सवारीसाधनमार्फत जुम्लाको स्याउ बजारमा ल्याइसकेका छन् । थप पाँच वटा सवारीसाधन स्याउ बोकेर वीरेन्द्रनगर आउँदैछन् ।

शाहीले किसानको बारीमै पुगेर प्रतिकिलो ७० देखि ८० रुपैयाँसम्ममा स्याउ खरिद गर्छन् । तर, बजारसम्म पुऱ्याएर त्यसको लागत मूल्य उठाउन भने उनलाई हम्मेहम्मे पर्छ। केही दिनअघि जुम्लाबाट स्याउ बोकेर आएका उनका दुई वटा गाडी पाँच दिनसम्म सडकमा रोकिए । त्यस क्रममा झण्डै दुई क्विन्टल स्याउ बिग्रिएको उनले बताए। 'यो वर्ष मात्रै होइन, हरेक वर्ष स्याउ बजार जाने समयमा कर्णाली राजमार्ग अवरुद्ध हुँदा ठूलो क्षति व्यहोर्नु परेको छ,' शाहीले भने, 'कमजोर सडक पूर्वाधार छ। सामान्य पानी पर्दा पनि पहिरो खस्छ र हप्तौँसम्म सडकमै रोकिनुपर्ने अवस्था हुन्छ।' शाहीको समस्या जुम्लाको स्याउ बजारसम्म पुऱ्याउने अन्य व्यवसायीले पनि भोगिरहेका छन् । जुम्लाको हिमा गाउँपालिका-३, मोफ्लाका स्याउ उत्पादक किसानसमेत रहेका व्यवसायी गोपाल रोकायाले सुर्खेत, नेपालगन्ज, बुटवल, धनगढी र काठमाडौंलगायतका बजारमा स्याउ पठाउँदै आएका छन् । उनका अनुसार कर्णाली राजमार्गको जीर्ण अवस्थाका कारण ढुवानीकै क्रममा स्याउमा चोट लाग्ने र ठूलो परिमाणमा खेर जाने गरेको छ । 'जुम्लाको स्याउ बारीबाट बजारसम्म आइपुग्न वर्षेनी ढुवानीका क्रममा

▶▶ बाँकी ३ पेजमा



## उत्पादन बढ्दो, सडकको दुरावस्था

कृषि विकास कार्यालय जुम्लाको तथ्यांकअनुसार पछिल्ला वर्षमा जुम्लामा स्याउ खेती हुने जमिनसँगै उत्पादन पनि बढ्दै गएको छ। किसानमा स्याउ खेतीसम्बन्धी प्राविधिक ज्ञान बढ्दै जाँदा जुम्ला स्याउ उत्पादनको हब बन्ने सम्भावना पनि बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा जुम्लामा १८ हजार दुई सय ४५ मेट्रिक टन स्याउ उत्पादन भएको कृषि विकास कार्यालय जुम्लाको तथ्यांक छ। चालु आर्थिक वर्ष २०८३/०८४ मा उत्पादन १९ हजार पाँच सय मेट्रिक टन पुग्ने अनुमान गरिएको जिल्ला कृषि विकास कार्यालय जुम्लाका सूचना अधिकारी दिपक सिंह धामी बताउँछन् । जुम्लामा स्याउ खेती गर्ने किसानको संख्या अहिले १८ हजार तीन सय १५ पुगेको छ।

दुई वर्षअघिको तुलनामा किसानको संख्या २६.३१ प्रतिशतले बढेको हो। खेतीको क्षेत्रफल पनि बढिरहेको छ। आर्थिक वर्ष २०७८/७९ मा तीन हजार आठ सय २५ हेक्टर रहेको स्याउ खेतीको क्षेत्रफल गत आर्थिक वर्षसम्म चार हजार

▶▶ बाँकी ३ पेजमा

## छैन विकल्पको खोजी

सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारीसमेत रहेका इन्जिनियर प्रदिप नारायण चौधरीका अनुसार कर्णाली राजमार्गमा पहिरोबाट सबैभन्दा बढी प्रभावित क्षेत्र कालीकोटको शुभकालिका-१ स्थित गगने खोला हो। पिली, एसमोड र दही खोला पनि पहिरोको जोखिममा छन् । गगने खोलामा तत्कालका लागि पहिरो पन्छाएर सडक सञ्चालन गर्ने गरिएको छ। तर, यो समस्याको दीर्घकालीन समाधान अझै खोजिएको छैन। 'तत्कालको वैकल्पिक उपाय भनेको पहिरो झर्दै जान्छ, पन्छाउँदै जाने हो,' चौधरीले भने, 'अहिलेका लागि पहिरो जाने र मेसिन राखेर पन्छाउँदै जाने काम भइरहेको छ। यसले गर्दा चार-पाँच वर्षपछि सडक आफैं स्थिर हुन सक्छ

▶▶ बाँकी ३ पेजमा

# सिधनियाघाटमा निर्माणाधीन पुलको लम्बाइ बढाउन माग

**◣युग संवाददाता**
**बाँके, २६ भदौ ।**

"सिधनियाघाटस्थित राप्तीमा पुल निर्माण भइरहेको छ, त्यो पुलको लम्बाइ थप गरी नदीको बहाव क्षेत्रलाई समेट्नसके अझ राम्रो हुने थियो", राप्तीसोनारी गाउँपालिका-६ का वडाध्यक्ष लवराज खरेलले भने।

बाँकेको डुडुवा र राप्तीसोनारी गाउँपालिकाको भूभागमा पर्ने उक्त घाटस्थित राप्तीमा निर्माणाधीन पुलको लम्बाइ थप विस्तार गर्न स्थानीयको दबावपछि वडाध्यक्षले उक्त प्रतिक्रिया दिएका हुन। सरकारले हाल निर्माण गरिरहेको ७०० मिटर लामो पुललाई थप ४४० मिटर विस्तार गर्नसके बाढी, डुबान तथा कटानको जोखिम न्यूनीकरणसँगै आवागमनमा थप सहजता हुने स्थानीयको भनाई छ। त्यहाँ ११ मिटर चौडाइको नयाँ पक्की पुल निर्माणाधीन छ।



पुरानो ३५० मिटर लामो एक लेनको पुल सञ्चालनमा रहेकै अवस्थामा सरकारले थप फराकिलो र लामो पुल निर्माणको योजना अघि बढाएको हो। नयाँ पुल निर्माणले यस क्षेत्रको आवागमन तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्ने स्थानीयको अपेक्षा छ।

राप्तीसोनारी-६ का स्थानीय प्रदीपकुमार पौडेलले सुरुमा तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार पुलको लम्बाइ एक हजार १४० मिटर आवश्यक देखिएको जानकारी आफूले पाएको बताए।

हाल ७०० मिटरको पुल निर्माण भइरहेका अवस्थामा बाँकी भाग समेट्ने गरी ४४० मिटर लम्बाइ बढाउन गर्नसके स्थानीयको दीर्घकालीन आवश्यकता सम्बोधन हुने उनको भनाइ छ। अर्का स्थानीय कवीर बूढाथोकीले राप्ती नदीको बहाव सिधनियाघाट क्षेत्रमा घुमेर पुनःपूर्वतर्फ जाने भएकाले वर्षायाममा नदीको बहावका कारण खेतीयोग्य जमिनमा कटान तथा डुबान हुने गरेको बताए। निर्माणाधीन पुललाई थप विस्तार गर्नसके नदी व्यवस्थापनमा सहयोग पुग्ने उनको भनाई छ।

राप्तीसोनारी-६ का वडासदस्य लक्ष्मी थारुले निर्माणाधीन पुलसँगै नदी व्यवस्थापनका लागि प्रस्तावित संरचनालाई स्थानीय आवश्यकता र भूगोलअनुसार अघि बढाउन आग्रह गरे। उनले बगरमा किसानले फलफूललगायत विभिन्न खेती गर्दै आएको हुँदा विकास निर्माणका काम गर्दा कृषि क्षेत्रको संरक्षणलाई ध्यान दिनुपर्ने बताए।

वडाध्यक्ष खरेलले सरकारले निर्माण गरिरहेको पुलले यस क्षेत्रको यातायात पूर्वाधारमा महत्वपूर्ण सुधार ल्याउने बताउँदै बाँकी भागमा संरचना विस्तार गर्नसके बाढी तथा डुबानको जोखिम घटाउन सहयोग पुग्ने बताए। "विसं २०७० र २०७४ मा आएको बाढीले यहाँ ठूलो क्षति गरेको थियो। सरकारले पुल निर्माण गरिरहेको छ। बाँकी भागमा पुल विस्तार गर्नसके स्थानीयलाई थप सुरक्षित बनाउन सकिन्छ", उनले भने।

डुडुवा गाउँपालिका-५ का वडाध्यक्ष झङ्कबहादुर थापाले पनि निर्माणाधीन पुललाई आवश्यकताअनुसार थप विस्तार गर्न आग्रह गरे। उनले पुल निर्माणसँगै नदी व्यवस्थापनका कामलाई प्रभावकारी रूपमा अघि बढाउनसके स्थानीयलाई दीर्घकालीन लाभ पुग्ने बताए।

लुम्बिनी प्रदेशकी पूर्वमन्त्री कृष्णा केसी नमुनाले सरकारले अघि बढाएको पुल निर्माणलाई थप प्रभावकारी बनाउन स्थानीयको मागअनुसार बाँकी भागमा पुल निर्माण गर्नुपर्ने बताए। "सरकारले अहिले ७०० मिटर लामो पुल निर्माण गरिरहेको छ। स्थानीयको मागअनुसार बाँकी ४४० मिटर पनि थप गर्नसके यस क्षेत्रका जनताको दीर्घकालीन आवश्यकता पूरा हुन्छ", उनले भने। उक्त पुलको लम्बाइ विस्तार गर्न करिब रु १५ करोड आवश्यकपर्ने प्रारम्भिक अनुमान छ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका योजना प्रमुख लीलाबहादुर भण्डारीले स्थानीय नागरिक र जनप्रतिनिधिले थप पुल निर्माणको विषय उठाउँदै आएपछि सम्बन्धित सबैपक्षसँग छलफल गरिएको बताए। उनका अनुसार कार्यालयको जिम्मेवारीमा रहेको ७०० मिटर लामो र ११ मिटर चौडाइको पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ। पुलको भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ७४

▶▶ बाँकी ३ पेजमा






कविता

# ए बा ! म तपाईँजस्तै बन्ने हो



राजेन्द्र रानाभाट

बा !
ए बा !
'म तपाईँजस्तै बन्ने हो ।'
धीर तपाईँजस्तै
स्थिर तपाईँजस्तै
चिर तपाईँजस्तै ।

तपाईँजस्तै स्थिर रहन
तपाईँजस्तै धैर्य रहन
तपाईँजस्तै चिर जीवन जिउन ।
हो बा ! म तपाईँजस्तै बन्ने
प्रयास गर्छु ।

तपाईँको सत्यता
तपाईँको सहनशीलता
तपाईँको लगन
अनि
तपाईँको धर्मता ।
तपाईँको सेवाभाव
तपाईँको दयालुपन
तपाईँको सादापन
अनि तपाईँको आफ्नोपन ।

म आफूमा, हामी सन्तानहरूमा
यस्तै गुणहरू रहुन् भन्ने
सोचिबस्छु।
खै के गर्ला भविष्यले ?
के पार्ला भवितव्यले ?
के हेर्ला विधिले ?
के देला विधानले ?
के रोज्ला समयले ?
के खोज्ला अवयवले.....?

क्वलष्ब न्क्ष्ऋ क्ष्लकगचबलअभ
नत्र यी सबै कुरा प्रकृतिअनुरूप
चल्दिए भने
बा ! म तपाईँजस्तै हुने हो, हामी
तपाईँजस्तै हुने हो ।

आमाले छोडेपछिका खम्बा
हाम्रा बा
जरो उखेलिएपछिका स्तम्भ
हाम्रा बा ।
बालाई दुःख नदेऊ भन्थिन्
आमा
बाकै पिरमा रुन्थिन् आमा

म नहुँदा के होला खै भन्दै
कहिलेकाहीँ उदास हुन्थिन्
आमा ।
तर ए आमा ! आजसम्म तिमीले
भनेजस्तै
आजसम्म तिमीले सोचेजस्तै
बालाई दिएनौँ दुःख
बालाई देखेर हामी सबै हुरुक्क ।
तिमी शान्तिसँग बस है आमा
यता बाको कत्ति पिर नगर है
आमा ।

बा त बाचाल छन्
बिन्दास छन्
हिँडिरहन्छन्
कुदिरहन्छन्
मज्जाले खाना खान्छन्
एउटा गेडो औषधि खान पर्या
छैन ।
आजसम्म बालाई खासै
अस्पताल लान पर्या छैन ।
तिम्रो आशीर्वाद
हाम्रो माया
अनि बाको बुझक्कीपनले
सबै-सबै सहीसलामत छ है
हाम्री आमा !

:बअजजबउगअजचभ द्यबलप
यत्ति हो प्रायजसो तिमीलाई
सम्झेर हामी
भक्कानिन्छौँ, बाटो बिराएजस्तो
हुन्छौँ
कति कुराहरूमा
तिमीलाई सम्झेर निशब्द हुन्छौँ
अनि सजल नयनमा हुन्छौँ ।
तिमी तैपनि पिर नगर है आमा
हामी यति धेरै सन्तान छौँ नि
बाको हेरचाह गर्न
बाको इच्छा पुऱ्याउन ॥
मातृ-ममत्वको बोकेर भारी
पितृ-जिम्मेवारीको फिँजाएर
चौतारी
सन्तानलाई दिएर अनेकन सुख
नहुँदाकी आमा आफैँ बनेर
ढुक्क ।

कसैमा विभेद नगर्ने हाम्रा बा
विचारमा मतभेद नजान्ने हाम्रा बा
बा छन् र फुर्क्याउन पाइएको छ
बा छन् र घुर्क्याउन पाइएको छ ।
हाम्रो विश्वासको ठूलो सतिसाल
हाम्रो प्रेरणाको ठूलो
विश्वविद्यालय ।
हाम्रा बा !

कथा :

# बुवाको अनुहार



गोपाल खनाल



भदौको बिहान थियो । आकाशमा बादलका मसिना टुक्रा तैरिरहेका थिए । गाउँका घर-आँगनमा कुशेऔँशीको चहलपहल थियो । कतै कुश भित्र्याइँदै थियो, कतै बुवाका लागि नयाँ कपडा निकालिँदै थियो । टाढाटाढाबाट छोराछोरीहरू बुवाको मुख हेर्न घर फर्किरहेका थिए ।

तर शहरको एक अग्लो घरको सातौँ तलामा रहेको आफ्नो फ्ल्याटमा रोहनलाई भने आजको दिन अरू दिनजस्तै लागिरहेको थियो । बिहान उठ्नेबित्तिकै उसले मोबाइल समात्यो । बुवासँगको पुरानो तस्बीर खोज्यो । तस्बीरमा ऊ सानो थियो- बुवाको काँधमा बसेर हाँसिरहेको ।

उसले तस्बीर सामाजिक सञ्जालमा राख्यो- "ज्बउउथ ँबतजभच'क म्बथ, द्यबदब! थ्यग बचभ ञथ जभचय."

केही मिनेटमै सयौँ लाइक र शुभकामना आए । त्यसैबेला श्रीमती मञ्जुले सोधिन्, "बुवालाई फोन गर्नुभयो ?"

"अँ... गर्छु नि । अहिले अलि काम छ । बेलुका आरामले कुरा गर्छु ।"

मञ्जुले केही भनिनन् । तर उनको मौनताले धेरै कुरा भनिरहेको थियो । रोहनलाई आफ्नो बाल्यकाल सम्झियो । विद्यालय जान अल्छी गर्दा बुवाले काँधमा बोकेर विद्यालय पुऱ्याउनुहुन्थ्यो । नयाँ जुत्ता माग्दा आफ्नो जुत्ता सिलाएर छोराका लागि नयाँ जुत्ता किनिदिनुहुन्थ्यो ।

एकपटक रोहनले सोधेको थियो, "बुवा, तपाईंले नयाँ जुत्ता किन नकिनेको ?"

बुवा मुस्कुराउनुभएको थियो, "मेरो जुत्ताले मलाई विद्यालय लैजाँदैन बाबु, तिम्रो जुत्ताले तिमीलाई भविष्यतिर लैजान्छ ।"

एसएलसीपछि उच्च शिक्षा अध्ययनका लागि पैसा नहुँदा बुवाले खेतको सानो टुक्रा बेच्नुभयो । रोहनले विरोध गर्दै सोधेको थियो, "जमीन किन बेच्नुभयो ?"

बुवाले उसको टाउको मुसार्दै भन्नुभएको थियो, "जमीन फेरि जोड्न सकिन्छ बाबु, तर तिम्रो समय फर्केर आउँदैन ।"

शहर पढ्न जाने दिन बुवाले एउटा पुरानो झोला दिँदै भन्नुभएको थियो, "झोला ठूलो छैन बाबु, तर तिम्रा सपनाहरू अट्नुपर्छ यसमा ।"

त्यसपछि रोहनको जीवन बदलियो । पहिले हप्तामा फोन हुन्थ्यो । पछि महीनामा । अनि चाडपर्वमा मात्र । आमाले कहिलेकाहीँ सम्झाउनुहुन्थ्यो, "बाबु, बुवालाई फोन गर न । तिम्रो आवाज सुन्न मन लाग्छ उहाँलाई ।"

"अहिले मिटिङमा छु आमा, पछि गर्छु ।" - तर त्यो 'पछि' कहिल्यै आएन ।

कुशेऔँशीको दिन पनि त्यस्तै भयो । दिनभरि कामको चापमा रोहनले बुवालाई फोन गरेन । बेलुका घर फर्किएपछि मञ्जुले फेरि सोधिन्, "अब फोन गर्ने ?"

"भोलि गरौँला । आज निकै थाकेको छु ।"

त्यसैबेला मञ्जुको मोबाइल बज्यो । गाउँबाट फोन थियो । केहीबेर कुरा गरेपछि उनको अनुहार गम्भीर भयो ।

"के भयो ?" रोहनले सोध्यो ।

"बुवालाई आज बिहानदेखि सञ्चो छैन रे ।"

रोहन झस्कियो ।

"अस्पताल लैजानुभयो ?"

"अहिले घरमै हुनुहुन्छ । तर आमाले एउटा कुरा भन्नुभयो..."

"के ?"

मञ्जुको स्वर रोकियो ।

"बुवा बिहानदेखि तिम्रो बाटो हेरेर बसिरहनुभएको रहेछ । एउटै कुरा सोधिरहनुभएको थियो रे...", उनले रोहनतिर हेर्दै भनिन्, "आज मेरो बाबु आउँछ कि ?"

रोहनको मुटु चसक्क भयो । उसले बिहानको आफ्नो पोस्ट खोल्यो । सयौँ लाइक थिए । तर ती लाइकहरू अचानक अर्थहीन लागे । उसले आफैँलाई सोध्यो, 'संसारलाई बुवालाई माया गर्छु भनेर देखाउन सक्ने म, बुवाको अगाडि बस्न किन सक्दिनँ ?'

त्यसै रात ऊ गाउँतिर लाग्यो । लामो यात्राभरि उसको आँखाअगाडि बुवाका पुराना दिनहरू घुमिरहे । बुवाको काँध, पसिनाले भिजेको कमिज, पुरानो साइकल, बेचिएको खेत र त्यो पुरानो झोला ।

बिहान गाउँ पुग्दा आँगन सुनसान थियो । आँगनको कुनामा पुरानो कुर्सी थियो । त्यही कुर्सीमा बुवा बसिरहनुभएको थियो ।

कपाल सेताम्मे भइसकेको थियो । अनुहारमा नैराश्यता थपिएका थिए । शरीर कमजोर थियो । तर छोरालाई देख्नेबित्तिकै आँखामा उज्यालो छायो ।

"बाबु !"

रोहन दौडेर बुवाको छेउमा पुग्यो । बुवाले उसको अनुहार छोएर सोध्नुभयो, "आइस् ?"

रोहनको टाउको झुक्यो, "ढिलो भयो बुवा ।"

बुवाले हल्का मुस्कुराउँदै भन्नुभयो, "ढिलो त भयो... तर आइस् नि ।"

त्यो एउटा वाक्यले रोहनको मनको बाँध फुट्यो । उसले बुवाको खुट्टा समात्यो, "मलाई माफ गर्नुहोस् बुवा ।"

"किन ?"

"तपाईंका लागि समय निकाल्न सकिनँ । फोन गर्न पनि सकिनँ ।"

बुवाले उसको टाउकोमा हात राख्नुभयो, "छोरा ठूलो भएपछि आफ्नै संसार हुन्छ । हामीले पनि त त्यही चाहेका थियौँ ।"

रोहनले आँशु पुछ्दै भन्यो, "तर तपाईंले मेरो संसार बनाउन आफ्नो संसार नै सानो बनाउनुभयो बुवा ।"

बुवा केही बोल्नुभएन । रोहनले ल्याएको नयाँ कपडा अगाडि राख्यो, "यो तपाईंका लागि ।"

बुवाले कपडातिर हेर्नुभयो र बिस्तारै भन्नुभयो, "मलाई कपडा चाहिएको होइन बाबु ।"

"त्यसो भए के चाहिन्छ ?"

बुवाले उसको हात समात्नुभयो, र भन्नुभयो, "कहिलेकाहीँ यसरी आएर मेरो अगाडि बसिदेऊ । दुई कुरा गरिदेऊ । तिम्रो अनुहार हेर्न पाए पुग्छ ।"

रोहनले बुवाको काखमा टाउको राख्यो । त्यो क्षण उसले पहिलोपटक कुशेऔँशीको वास्तविक अर्थ बुझ्यो । बुवाको मुख हेर्नु भनेको अनुहार हेर्नु मात्र होइन रहेछ; बुवाको जीवनमा आफ्नो उपस्थिति महसूस गराउनु रहेछ ।

केहीबेरपछि बुवाले सोध्नुभयो, "बाबु, तेरो काम कस्तो छ ?"

रोहन मुस्कुरायो, "काम त ठीकै छ बुवा । तर आज एउटा कुरा बुझें ।"

"के ?"

"कामका लागि समय निकाल्न सक्ने मान्छेले आफ्ना मान्छेका लागि पनि समय निकाल्नुपर्ने रहेछ ।"

बुवा मुस्कुराउनुभयो, "त्यति बुझिस् भने पुग्यो ।"

त्यो दिन रोहनले कुनै फोटो खिचेन । कुनै स्टाटस लेखेन । कुनै शुभकामना पोस्ट गरेन । ऊ केवल बुवाको छेउमा बसिरह्यो ।

बुवाले बाल्यकालका कुरा सुनाउनुभयो । रोहनले शहरका कुरा सुनायो । आमाले चिया ल्याउनुभयो । धेरै वर्षपछि त्यो घरमा पुरानै हाँसो फर्कियो । साँझ फर्कने बेला रोहनले बुवालाई अँगालो हाल्यो, "अब छिट्टै आउँछु ।"

बुवाले उसको हात समात्दै भन्नुभयो, "एउटा कुरा याद राख बाबु- बुवाको मुख हेर्न एउटा दिन मात्र हुँदैन ।"

रोहनको आँखामा आँशु भरियो, "अब बुझें बुवा ।"

गाडी शहरतिर अघि बढ्यो । झ्यालबाट पछाडि हेर्दा बुवा आँगनमा उभिनुभएको थियो- कमजोर शरीर, सेताम्मे कपाल, तर आँखामा उही पुरानो माया ।

गाडी मोडपारि हरायो । तर रोहनको मनमा एउटा कुरा सधैँका लागि बस्यो- बुवाको अनुहार ।

त्यस दिनदेखि उसले कुशेऔँशी कुर्न छोड्यो । उसलाई थाहा भयो, बुवालाई सम्झन सामाजिक सञ्जाल चाहिँदैन । बुवालाई शुभकामना दिन एउटा विशेष दिन चाहिँदैन । बुवालाई माया गर्न महँगो उपहार चाहिँदैन । चाहिन्छ त केवल थोरै समय, केही आत्मीय शब्द र बुवाको छेउमा बसेको एउटा क्षण । किनकि कुनै दिन यस्तो पनि आउन सक्छ- हामीसँग पैसा हुन्छ, समय हुँदैन । ठूलो घर हुन्छ, तर बुवाको कुर्सी खाली हुन्छ । मोबाइलमा बुवाका सयौँ तस्बीर हुन्छन्, तर बुवाको हात समात्ने हात हुँदैन । कुशेऔँशी त वर्षमा एकपटक आउँछ, तर बुवाको माया हरेक दिन हाम्रो साथमा हुन्छ ।

विश्व

# जुलाईपछि पहिलोपटक तेलको मूल्य प्रतिब्यारेल सय डलरभन्दा माथि

**लन्डन, २६ भदौ ।**

मध्यपूर्वमा पुनः द्वन्द्व चर्किने सम्भावना बढेसँगै विश्वव्यापी तेल आपूर्तिमा अवरोध बढ्न सक्ने खतराका कारण जुलाईपछि पहिलोपटक तेलको मूल्य प्रतिब्यारेल सय डलरभन्दा माथि पुगेको छ ।

अमेरिका र इरानबिचको पछिल्लो मिसाइल आदानप्रदानपछि खाडीमा तनाव बढेको छ । योसँगै कच्चा तेलको अन्तर ाष्ट्रिय बेन्चमार्क मानिने 'ब्रेन्ट क्रुड' तीन प्रतिशतले बढेर १००.८ डलरभन्दा माथि पुगेको छ ।

तेहरानले अमेरिकी नौसेनाको युद्धपोतमा ब्यालेस्टिक क्षेप्यास्त्र हान्ने प्रयास गरेपछि अमेरिकी सेनाले केही इरानी ट्यांकरलाई ' ध्वस्त' पारेको बताएको छ । त्यसबाहेक अलग घटनामा इरान समर्थित हुथीहरूले अघिल्लो रात साउदी अरेबियाका चार सहरमा आक्रमण गरेर ७० भन्दा बढी व्यक्ति घाइते बनाएको छ । त्यस्तै हुथीहरूले हानेको मिसाइलका कारण केही साउदी तेल संयन्त्रमा आगजनी भएको छ ।

६ महिनादेखि चलिरहेको युद्धको स्थायी समाधानको आशा कमजोर हुँदै जाँदा र फेरि लडाइँ चर्किन थालेसँगै अगस्टको सुरुवातदेखि तेलको मूल्य एकचौथाइले बढिसक्यो । सन् २०२६ मा मात्रै अहिलेसम्म तीनपटक तेलको मूल्य सय डलरभन्दा माथि पुगेको छ । विश्वको सबैभन्दा ठुलो कच्चा तेल आयातकर्ता मुलुकले आफ्नो रणनीति रिजर्भ प्रयोगमा ल्याएका कारण तेलको मूल्य उलेख्य बढ्न रोकिएको थियो । चीनले अहिले विगतमा प्रयोग गरेको भण्डारण भर्न पछिल्लो समय खरिद बढाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |
| जिल्ला अस्पताल कालीकोट | : ०८७- |

## आजको राशिफल

**मेष** — परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ ।

**वृष** — अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ ।

**मिथुन** — पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु परास्त हुनेछन् ।

**कर्कट** — परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसकिएला । धेरै बोल्दा समस्या आउन सक्छ । द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ ।

**सिंह** — पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।

**कन्या** — झैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । सुरक्षाका लागि फाइदाका वस्तु त्याग्नुपर्ला । कर्जामार्फत धन र आवश्यकताका वस्तु जुटाउन सकिनेछ ।

**तुला** — मिहिनेतको फल प्राप्त हुनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । दिगो फाइदा हुने काम प्रारम्भ होला ।

**वृश्चिक** — मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ ।

**धनु** — कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला ।

**मकर** — अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने हुन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला ।

**कुम्भ** — समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला ।

**मीन** — चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ ।

भोटेकोशी बाढीः

## एक हजार ३८५ शव फेला

◣युग संवाददाता
काठमाडौँ, २६ भदौ ।

भोटेकोशी बाढीमा परी मृत्यु भएकामध्ये हालसम्म एक हजार ३८५ जनाको शव फेलापरेको छ। बाढीमा परी अझै चार हजार ८९ जना सम्पर्कविहीन छन् । प्रहरी प्रधान कार्यालय नक्सालले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार फेलापरेका शवमध्ये ५४२ पुरुष, ३३४ महिला तथा ५० ९ वटा शव आंशिक अङ्गसहितका छन् । भेटिएका शवमध्ये हालसम्म १०३ शव आफन्तलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेका अनुसार अझै सम्पर्कविहीन रहेकामध्ये स्वदेशीतर्फ दुई हजार ९०७ पुरुष र ५७२ महिला रहेका छन् । त्यस्तै, विदेशी नागरिकतर्फ २७२ पुरुष, ३२८ महिला सम्पर्कविहीन छन् ।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी, उद्धार तथा शव व्यवस्थापनकार्यलाई सुरक्षा निकायले निरन्तरता दिएको छ। फेलापरेका शवमध्ये एक हजार १४८ वटा शव सुरक्षित रूपमा जमिनमा गाडेर व्यवस्थापन गरिएको छ। बाँकी शवको पहिचान तथा व्यवस्थापन प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

बाढीपछि हालसम्म नौ हजार २८७ जनाको उद्धार गरिएको छ। जसमा पुरुष छ हजार ४०७, महिला दुई हजार ८३० र पहिचान नखुलेका ५० जना रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। उद्धार गरिएकामध्ये तीन हजार १७६ जनालाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको प्रवक्ता काफ्लेले जानकारी दिए। बेपत्ता व्यक्तिको पहिचान तथा फेलापरेका शवको सनाखत गर्न डिएनए परीक्षणलाई प्राथमिकता दिइएको छ।

जेनजी आन्दोलनको एक वर्षः

# स्वास्थ्य क्षेत्रमा सुधारको अपेक्षा

◣युग संवाददाता
काठमाडौँ, २६ भदौ ।

जेनजी आन्दोलनपछि मुलुकको राजनीतिक नेतृत्वमा आएको परिवर्तनसँगै स्वास्थ्य क्षेत्रमा पनि नागरिकले प्रत्यक्ष अनुभूति गर्न सक्ने सुधारको अपेक्षा बढेको देखिन्छ। आन्दोलनले उठाएको सुशासन, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक सेवा प्रभावकारी बनाउने मागलाई सम्बोधन गर्ने क्रममा सरकारले अस्पताल सेवा सुधारदेखि निःशुल्क उपचार र स्वास्थ्य बिमालाई डिजिटल प्रणालीमा लैजानेसम्मका प्रयास अघि बढाएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता यी अवधिमा स्वास्थ्य क्षेत्रमा गरिएका सुधारका प्रयासलाई मूल्याङ्कन होस् भन्ने चाहन्छन्। उनले आफूले गरेको निर्णयभन्दा पनि स्वास्थ्य सेवामा देखिएको सुधार, नागरिकले पाएको सहजता र सुरु गरिएका सुधारका कामले मूल्याङ्कन गरून् भन्ने चाहना रहेको बताए। "केही काम पूरा भएका छन्, केही प्रक्रियामा छन्, तर हाम्रो प्राथमिकता सधैँ नागरिकको स्वास्थ्य सेवा सहज, गुणस्तरीय र पहुँचयोग्य बनाउनु हो," मन्त्री मेहताले भने।"




### लक्षित वर्ग निःशुल्क उपचार पोर्टल

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने निःशुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न अस्पतालसँग समन्वय, सेवा सहजीकरण तथा सूचना आदान-प्रदानलाई व्यवस्थित बनाउनतर्फ लागिपरेको छ।

'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३) ल्याइएको छ। हालसम्म २१७ अस्पतालमा तीन हजार २५५ निःशुल्क शय्याको व्यवस्था गरिएको छ।

### नागरिक एपमा 'रक्त सूचना' पोर्टल

त्यसैगरी देशभरको रगतको उपलब्धता एकै ठाउँबाट हेर्न सकिने गरी नागरिक एपमा 'रक्त सूचना' पोर्टल थप गरिएको छ। प्रयोगकर्ताले आफूलाई आवश्यक रक्त समूह कहाँ र कति परिमाणमा उपलब्ध छ भन्ने जानकारी नागरिक एपबाटै सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ। रगतको उपलब्धता सहजै थाहा पाउन हाल ३१ वटा ब्लड बैंक अनलाइन प्रणालीमा आबद्ध रहेका छन्।

बिरामीको स्वास्थ्य रिपोर्ट जुनसुकै अस्पतालबाट हेर्न मिल्ने डिजिटल प्रणाली स्वीकृत गरिएको छ भने सरकारी अस्पतालहरूमा सुलभ फार्मेसी सुरु, निःशुल्क र बीमाका औषधि एकै ठाउँबाट वितरण गरिएको छ।

### ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य

यस अवधिमा स्वास्थ्य मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच स्वदेशी औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीअनुसार आगामी दुई वर्षभित्र नेपाल औषधि लिमिटेडबाट ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ। हाल नेपाल औषधि लिमिटेडबाट ११ प्रकारका अत्यावश्यक औषधि उत्पादन भइरहेको छ।

नयाँ योजनाअन्तर्गत उच्च रक्तचाप, मधुमेह लगायत दीर्घरोगका औषधिसमेत स्वदेशमै उत्पादन गरिनेछ। सिंहदरबार वैद्यखानाबाट उत्पादित ३३ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क वितरण गर्ने सम्झौता गरिएको छ।

### स्वास्थ्यकर्मीमाथि हुने हिंसाविरुद्ध दीर्घकालीन सुधार गरिने

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि हुने आक्रमण तथा बिरामीमाथि हुन सक्ने लापर्वाहीलाई कानुनबमोजिम निष्पक्ष र प्रभावकारी रूपमा सम्बोधन गर्ने व्यवस्था सुदृढ बनाइने भएको छ। स्वास्थ्य मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई परिमार्जन गरिरहेको छ।

### 'अस्पताल सेवा सुधार कार्यविधि, २०८२' लागू

अस्पतालको सरसफाइदेखि स्वास्थ्यकर्मीको बानी-व्यवहार सुधारसम्म एवं अस्पतालको सेवा विस्तारदेखि सेवा निरन्तरतासम्मका विषय समेटी अस्पतालको समग्र सुधारका लागि 'अस्पताल सेवा सुधार कार्यविधि, २०८२' लागू गरी प्रत्येक अस्पतालमा छुट्टाछुट्टै अनुगमन अधिकृत तोकी नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

### चौध सङ्घीय अस्पतालमा जलन उपचार युनिट स्थापना

चौध सङ्घीय अस्पतालमा जलन उपचार युनिट स्थापना गरी सञ्चालनमा ल्याइएको छ। साथै जलनका बिरामीको उपचार सुनिश्चित गर्न रु २० करोडको विशेष कोष स्थापना गरिएको छ।

### औषधि एकद्वार प्रणालीमार्फत वितरण गर्ने

'सुलभ फार्मेसी सेवासम्बन्धी मापदण्ड' स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। अस्पताल फार्मेसीबाट उपलब्ध हुने बिमाअन्तर्गतका औषधि तथा नागरिकलाई निःशुल्क वितरण गरिने औषधि एकद्वार प्रणालीमार्फत वितरण गर्ने व्यवस्था लागू गरिएको छ। यसका लागि अधिकांश सङ्घीय अस्पतालमा सुलभ फार्मेसी सञ्चालनमा आइसकेको छ।

### हाई अल्टिच्युड क्लिनिक स्थापना गर्न बजेट विनियोजन

हिमाली जिल्लाहरूमा लेक लाग्ने समस्या (हाई अल्टिच्युड) उपचारका लागि क्लिनिक स्थापना हुने भएको छ। हाई अल्टिच्युड क्लिनिक स्थापनाका लागि पाथिभरा याङ्वरक (ताप्लेजुङ), खुम्बु पासाङल्हामु (सोलुखुम्बु), गोसाइँकुण्ड (रसुवा), डिस्याङ (मनाङ), लो-घेकर दामोदरकुण्ड र बाह्रगाउँ मुक्तिक्षेत्र (मुस्ताङ), शे-फोक्सुन्डो (डोल्पा) र त्रिवेणी (बाजुरा) का पालिकामा बजेट विनियोजन गरिएको छ।

## खाजा खर्च जोगाएर भोटेकोशी पीडितलाई विद्यार्थीको सहयोग

◣युग संवाददाता
बाँके, २६ भदौ ।

बाँकेका विद्यालयले आफ्ना औपचारिक तथा मनोरञ्जनात्मक कार्यक्रम रद्द गरी बाढीपीडितका लागि रु.६५ लाख बराबरको सहयोग सङ्कलन गरेका छन् ।

निजी तथा आवासीय विद्यालय (प्याब्सन) बाँकेका अध्यक्ष विकास बज्राचार्यका अनुसार साना बालबालिकादेखि माध्यमिक तहका विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय सञ्चालकसमेत स्वतःस्फूर्त रूपमा राहत अभियानमा सहभागी भएका थिए।

जिल्लाका प्याब्सनमा आबद्ध ७७ विद्यालयका विद्यार्थीले आफ्नो नियमित खाजा खर्चबाट बचाएको रकमसमेत सहयोग गरेका छन् । विद्यालयले सांस्कृतिक तथा अन्य औपचारिक कार्यक्रमका लागि छुट्याएको बजेट कटौती गरी राहतका लागि रकम उपलब्ध गराएका छन् ।

अध्यक्ष बज्राचार्यका अनुसार केही विद्यालयले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सिधै रकम जम्मा गरेका छन् भने अन्य विद्यालयबाट रु ५३ लाख ४१ हजार ४०६ प्याब्सन बाँकेको खातामा जम्मा भएको छ। यसरी बाँकेबाट रु ६५ लाख बराबरको सहयोग जुटेको हो ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्षिट्च्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

## सूचना प्रविधिमा विदेशी लगानीकर्ताको आकर्षण

◣युग संवाददाता
काठमाडौँ, २६ भदौ ।

मुलुकमा पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा वैदेशिक लगानीकर्ताको आकर्षण बढेको पाइएको छ। उद्योग विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ मा विदेशी उद्योगी तथा लगानीकर्ताबाट रु. ५८ अर्ब वैदेशिक लगानीको प्रतिबद्धता प्राप्त भएको छ।

आव २०८२/८३ मा विभिन्न एक हजार ११६ परियोजनाका लागि वैदेशिक लगानीको प्रतिबद्धता आएकोमा सूचना प्रविधितर्फ मात्रै ७२७ परियोजना रहेका छन्। उत्पादनमूलक क्षेत्रमा ६३, ऊर्जामूलकमा चार, कृषिमूलकमा १८, पर्यटनमा २२७, खनिजमा चार, सेवामूलकमा ७१ र पूर्वाधारमूलक क्षेत्रमा दुई परियोजनाका लागि लगानी प्रतिबद्धता आएको छ।







युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।